नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन सुधार वार्षिक कार्ययोजना, २०७८

(२०७८ श्रावण १ देखि २०७९ असार मसान्त सम्म)

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| **क. जनमैत्री कार्यालय व्यवस्थापन** | | | | | | |
| १ | सेवाग्राहीहरूलाई सेवा प्रवाहमा सहजीकरणका लागि नुवाकोटस्थित सबै सरकारी कार्यालयहरूमा **नागरिक सहायता कक्ष (Help Desk)** स्थापना तथा प्रभावकारी सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७८ श्रावण दोश्रो हप्ताबाट शुरु गरी निरन्तर | सेवा प्राप्तिमा सेवाग्राहीहरुलाई सहज भएको हुने । | सहायता कक्ष स्थापना तथा सेवा सञ्चालन अवस्था |
| २ | नुवाकोटस्थित सबै सरकारी कार्यालयहरूमा सेवाग्राहीहरूको लागि **Free Wi Fi,Television, First Aid Kit, शुद्ध खानेपानी (तातो/चिसो), Mobile Charging Station** व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७८ श्रावण मसान्तबाट शुरु गरी निरन्तर | सेवाग्राहीमैत्री कार्यालय व्यवस्थापन भएको हुने । | उल्लेखित सुविधा उपलब्धता तथा उपयोग अवस्था |
| ३ | नुवाकोट स्थित सबै सरकारी कार्यालयहरूमा **अपांगमैत्री कार्यालय व्यवस्थापन (परिसर,र्‍याम्प), स्तनपान कक्ष, लैङ्गिकमैत्री शौचालय**को व्यवस्थापन गर्ने। | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७८ श्रावण मसान्तबाट शुरु गरी निरन्तर | लैङ्गिक संवेदनशील कार्यालयको रुपमा विकास भएको हुने । | स्तनपान कक्ष तथा शौचालयको व्यवस्था तथा प्रयोग |
| ४ | नुवाकोटस्थित सबै सरकारी कार्यालयहरूमा **सेवाग्राहीमैत्री प्रतिक्षालय** | जिल्ला प्रशासन | सबै सरकारी | २०७८ पहिलो | सेवा प्रवाह र प्राप्तिमा सेवाप्रदायक र सेवाग्राहीलाई | प्रतिक्षालय कक्ष |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | **कक्ष**को व्यवस्थापन गर्ने । | कार्यालय | निकायहरु | चौमासिक | सहज हुने । | |
| ५ | जिल्लास्थित कार्यालयमा विद्युतीय **नागरिक बडापत्र** (**Digital Citizen Charter**) व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७८आश्विन मसान्त | कार्यालयबाट प्रवाह हुने सेवा तथा प्रक्रियाको जानकारी भई सेवा प्रवाह छिटो छरितो हुने । | विद्युतीय नागरिक बडापत्र |
| ६ | नुवाकोट स्थित सबै सरकारी, बैक तथा वित्तिय संस्थाहरूमा आगलागीको सम्भावित जोखिम न्यूनीकरण गर्नका लागि उच्च क्षमताको कम्तीमा १/१ वटा **Fire estinguisher** जडान गर्ने तथा सो सञ्चालनका लागि अभिमुखीकरण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सम्बद्ध निकायहरू | २०७८ भाद्र मसान्त | आकस्मिक रूपमा हुन सक्ने आगलागीको जोखिम न्यूनिकरण हुने । | Fire estinguisher जडान तथा अभिमुखीकरण |
| ७ | जिल्लास्थित कार्यालयहरूको परिसरमा सबै स्थानीय तहको पहिचान झल्कने गरी स्तम्भ निर्माण गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह | २०७८ दोस्रो चौमासिक | सेवाग्राहीलाई सेवा प्राप्त गर्न आउँदा अपनत्वको भावना भएको हुने । | निर्मित स्तम्भ |
| ८ | कार्यालय परिसरलाई स्वच्छ र हरियाली वनाउने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरु | २०७८ भाद्र मसान्त | कार्यालय परिसर स्वच्छ र हरियाली हुने । | कार्यालय परिसर |
| ९ | जिल्ला प्रशासन कार्यालयको कम्पाउण्ड (कम्पाउण्ड वाल, वृक्षरोपण, फल तथा फूलका विरूवा रोपण तथा संरक्षण लगायत) व्यवस्थापन गर्ने । | जिल्ला प्रशासन कार्यालय | डिभिजन वन कार्यालय, | २०७८ पहिलो चौमासिक | कार्यालय तथा परिसर सुरक्षित हुने । | सुरक्षित कार्यालय परिसर |
| **ख. सुशासन तथा प्रभावकारी सेवा प्रवाह व्यवस्थापन** | | | | | | |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १० | नुवाकोटस्थित सबै सरकारी कार्यालयहरूमा सूचना अधिकारीको व्यवस्था गरी **सूचना अधिकारीहरूको लागि छुट्टै मोवाईल नम्वर**को व्यवस्था गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७८ श्रावण मसान्त | सेवाग्राहीलाई सूचना तथा जानकारी प्राप्त गर्न सहज भएको हुने । | सूचना अधिकारी र मोबाइल नम्वर |
| ११ | नुवाकोटस्थित सबै सरकारी कार्यालयले सूचनाको हक सम्वन्धी ऐनको व्यवस्थाअनुसार कार्यालयका ३/३ गतिविधिहरूलाई **स्वत:प्रकाशन (Pro active Disclosure)** मार्फत अनिवार्य सार्वजनिक गर्ने र वार्षिक प्रगति अवस्था समेत सार्वजनिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय | निरन्तर | सरकारी कार्यालयबाट सम्पादित कार्यहरूको बारेमा सेवाग्राही सूसुचित भएको हुने । | स्वत: प्रकाशन तथा वार्षिक प्रतिवेदन |
| १२ | नुवाकोट स्थित सबै सरकारी कार्यालयबाट आफ्नो बार्षिक विकास कार्यक्रमहरू आम नागरिकहरूलाई जानकारी गराउन सम्वद्ध पक्षहरूको उपस्थितिमा **सार्वजनिकीकरण** कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय,स्थानीय तह, राजनैतिक दल, सञ्चार माध्यम | २०७८भाद्र | विकास कार्यक्रमहरूका बारेमा आम नागरिकहरूलाई जानकारी प्राप्त हुने साथै ३ वटै सरकारविच समन्वय हुने तथा दोहोरोपना न्यूनीकरण भएको हुने । | कार्यक्रम सञ्चालन प्रतिवेदन |
| १३. | नुवाकोटस्थित सबै विकास आयोजना सञ्चालन गर्ने सरकारी कार्यालयबाट तोकिएको समयमानै विकास आयोजना सम्पन्न गर्नका लागि समयमा नै **खरिद/टेण्डर प्रक्रिया सुरु गर्ने,गुणस्तर कायम** गर्ने कार्यमा आवश्यक समन्वय, | जिल्ला प्रशासन कार्यालय | राजनैतिक दल, स्थानीय तह, विकास आयोजना सम्पादन गर्ने कार्यालय, सञ्चार माध्यम, निर्माण | | | |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | अनुगमन तथा सुपरीवेक्षण गर्ने । | | व्यावसायी, आम नागरिक | | | |
| १४. | नुवाकोटस्थित सबै सरकारी, कार्यालयहरूले आफ्नो सेवा प्रवाहका सम्वन्धमा जनताको पृष्ठपोषण प्राप्त गर्न **सेवाग्राही सन्तुष्टि सर्वेक्षण** गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७८मंसीर मसान्तसम्म | सार्वजानिक सेवा प्रवाह सम्वन्धमा सेवाग्राहीको पृष्ठपोषण प्राप्त हुने । | सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रतिवेदन |
| १५ | नुवाकोटस्थित सबै सरकारी कार्यालयका गतिविधिहरूको नियमित तथा आकस्मिक **अनुगमन तथा सुपरीवेक्षण** पर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | निरन्तर | सबै सरकारी कार्यालयका सेवाहरु जनमैत्री भएको हुने | अनुगमन तथा सुपरीवेक्षण योजना तथा प्रतिवेदन |
| १६ | जिल्ला प्रशासन कार्यालयका महत्वपूर्ण दस्तावेजहरूको **Digitization** गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | निरन्तर | अभिलेखहरू सुरक्षित तथा संरक्षित भई विद्युतीय शासनमा टेवा पुग्ने । | डिजिटाइज गरिएको दस्तावेज |
| १७ | शान्ति सुरक्षा, विपद, सेवा प्रवाह, सुशासनसम्वन्धी उजुरी तथा गुनासो सम्वोधन गर्न जिल्ला प्रशासन कार्यालयमा **Hotline** मार्फत २४ सै घण्टा उजुरी, गुनासो सुनुवाई हुने संयन्त्र विकास गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय, स्थानीय तह, राजनैतिक दल, सञ्चार माध्यम | २०७८ भाद्र मसान्तबाट निरन्तर | सुशासन प्रवर्द्धन गर्न सहयोग पुगेको हुने । | Hot Line Number तथा गुनासो सुनुवाई सम्वन्धी अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १८ | नुवाकोटस्थित सबै सरकारी कार्यालयहरूले कार्यालयबाट सम्पादन गरिएका गतिविधिहरूलाई **मासिकरूपमा वेभसाईट/सूचनापाटी** मार्फत सार्वजानिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७८ श्रावण मसान्त, निरन्तर | कार्यसम्पादनमा जवाफदेहीता तथा पारदर्शिता कायम भएको हुने । | मासिक प्रगति प्रतिवेदन |
| १९ | नुवाकोटस्थित सबै सरकारी कार्यालयले आफ्नो स्वामित्वमा रहेका **चल अचल सम्पत्ति** (जग्गा, भवन, सवारी साधन) को अभिलेख सुरक्षित राख्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७८ श्रावण मसान्त, निरन्तर | सरकारी सम्पत्तिको उपयोग तथा संरक्षण भएको हुने । | चल अचल सम्पत्ति अभिलेख |
| २० | जिल्ला प्रशासन कार्यालयका समग्र गतिविधिहरू समावेश गरी **अर्धवार्षिक र वार्षिक वुलेटिन** प्रकाशन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७८/७९ को माघ पहिलो हप्ता, २०७९ को श्रावण पहिलो हप्ता | कार्यालयका गतिविधिहरु पारदर्शी हुने । | वुलेटीन |
| २१ | सार्वजनिक सेवा प्रवाहमा सरलीकरण गर्न सबै सरकारी कार्यालयका सेवाहरू र सो प्राप्तिको प्रक्रियासहित **एकीकृत नागरिक वडापत्र** प्रकाशन गर्ने तथा स्थानीय तह सम्म प्रवोधिकरण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू, स्थानीय तह, सञ्चार माध्यम | २०७८ साल भाद्र मसान्त | सार्वजनिक सेवा तथा प्राप्तिको प्रक्रियाका वारेमा सेवाग्राहीलाई जानकारी प्राप्त भई सेवा प्रवाह र प्राप्तिमा सहज भएको हुने । | एकीकृत नागरिक वडापत्रको प्रकाशन तथा प्रवोधिकरण |
| २२ | सबै सरकारी कार्यालयहरूमा उत्कृष्ट कार्यसम्पादन गर्ने कम्तीमा १/१ जना कर्मचारीलाई **पुरस्कृत** गर्नेका साथै सेवा निवृत्त भई यस जिल्लामा रहने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय | २०७८ भाद्र २२ | उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीको मनोबल उच्च हुनुका साथै सेवा निवृत्तहरूले सम्मानित | पुरस्कृत तथा सम्मानित कर्मचारी विवरण |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | कर्मचारीलाई **सम्मान** गर्ने । | | | | भएको अनुभूति गरेको हुने। | |
| २३ | उच्च कार्यवोझमा कार्य गर्ने कार्यालयका कर्मचारीहरूलाई **तनाव व्यवस्थापन, मनोसामाजिक परामर्श सम्वन्धी तालिम** लगायत सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | विभिन्न संघसंस्थाहरु | २०७८ मंसीर मसान्त | कर्मचारीबाट सेवाग्राहीमैत्री व्यवहार प्रदर्शित भएको हुने | तालिम सञ्चालन प्रतिवेदन |
| २४ | **सरकारी सवारी साधनको सदुपयोग**का लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू, जिल्ला प्रहरी कार्यालय | २०७८ भाद्र मसान्त | सरकारी सवारी साधन हरु मितव्ययी रुपमा उपयोग भएको हुने । | कार्यविधि र कार्यान्वयन अवस्था प्रतिवेदन |
| २५ | **मुआव्जा** वितरण सम्वन्धी विस्तृत अभिलेख तयार गरी अर्धवार्षिक/वार्षिक रुपमा सार्वजानिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | मालपोत कार्यालय, स्थानीय तह, विकास आयोजनाहरु | भाद्र मसान्त, निरन्तर | मुआव्जाको विवरण व्यवस्थित हुने । | मुआव्जा अभिलेख |
| २६ | उपभोक्ता हित प्रवर्द्धन हुनेगरी स्थानीय तहसंगको समन्वयमा वजार अनुगमन योजनाका आधारमा नियमित तथा आकस्मिक रुपमा **वजार अनुगमन** गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, अन्य सरकारी कार्यालय,उद्योगी व्यावसायी,सञ्चार माध्यम,उपभोक्ता | निरन्तर | उपभोक्ता हित प्रवर्द्धन भएको हुने | वजार अनुगमन योजना तथा अनुगमन प्रतिवेदन |
| **ग.** | **शान्ति सुरक्षा र अपराध नियन्त्रण** | | | | | |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| २७ | Security Profile/Crime Mapping सहितको **सुरक्षा रणनीतिक योजना** अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गर्ने । | जिल्ला सुरक्षा समिति | जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकाय, स्थानीय तह, राजनैतिक दल, सबै सरकारी कार्यालय, सञ्चार माध्यम, आम नागरिक | २०७८ श्रावण मसान्तसम्म अद्यावधिक तथा निरन्तर कार्यान्वयन | शान्ति सुरक्षा तथा अमनचैन कायम भई शान्ति सुरक्षा प्रति जनविश्वास अभिवृद्धि हुने | रणनीतिक सुरक्षा योजना तथा कार्यान्वयन प्रगति अवस्था |
| २८ | जिल्लामा घटेका **आपराधिक गतिविधिहरुको आवधिक समीक्षा, विश्लेषण** गरी नियन्त्रणका लागि राजनैतिक दल, स्थानीय तह, सरोकारवाला पक्षहरुसंग समन्वय तथा सहकार्य गर्ने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समिति, स्थानीय तह, सञ्चार माध्यम, आम नागरिक | निरन्तर | आपराधिक अवस्थाको पहिचान भई समयमै निराकरणमा सहयोग भएको हुने । | स्थिति प्रतिवेदन |
| २९ | नुवाकोट जिल्ला भित्रका नदी खोलाका नदीजन्य पदार्थको दिगो संरक्षण र व्यवस्थापन तथा सदुपयोग गरी सहज आपूर्ति गर्न र नदीप्रणालीबाट उत्खनन्, संकलन तथा विक्री वितरण हुने पदार्थको अव्यवस्थित र अत्यधिक दोहन हुन नदिन, दिगो व्यवस्थापनको प्रवन्ध मिलाई सार्वजनिक निर्माण कार्यलाई सहज बनाउन प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत | जिल्ला प्रशासन कार्यालय | जिल्ला अनुगमन समिति,<br>जिल्ला सुरक्षा समिति,<br>जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी वल नं स्थानीय तह, सञ्चार माध्यम, | | नदी खोलाका नदीजन्य पदार्थको दिगो संरक्षण र व्यवस्थापन तथा सदुपयोग गरी सहज आपूर्ति गर्न र नदीप्रणालीबाट उत्खनन्, संकलन तथा विक्री वितरण हुने पदार्थको अव्यवस्थित र अत्यधिक दोहन हुन नदीन, दिगो व्यवस्थापनको प्रवन्ध मिलाई सार्वजनिक निर्माण | |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | कार्यविधिको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि,२०७५ को परिच्छेद ६ को नियम १५ (१) बमोजिम नदीजन्य तथा ढुंगा गिट्टी तथा बालुवा खानीजन्य पदार्थको उत्खनन् संकलन र विक्री वितरण सम्वन्धी प्रक्रिया कडाइपूर्वक पालना गराउने । वर्षादको समयमा अवैध रुपमा नदीजन्य पदार्थको उत्खनन, संकलन, ओसार पसार र चोरी निकासी कडाइपूर्वक नियन्त्रण गर्ने । | | आम नागरिक | | कार्यलाई सहज हुने ।नदीजन्य पदार्थको अवैध उत्खनन,संकलन, ओसारपसार र चोरी निकासी नियन्त्रण हुने । | |
| ३० | शान्ति **सुरक्षाको अनुभूति** अवस्था पहिचानका लागि सर्वेक्षण गर्ने । | जिल्ला सुरक्षा समिति | जिल्ला प्रशासन कार्यालय, सवै सुरक्षा निकाय, स्थानीय तह, सञ्चार माध्यम, आम नागरिक | २०७८ पौष मसान्तसम्म | आम नागरिकले अनुभुत गरेको शान्ति सुरक्षाको स्थिति पहिचान भई थप सुधार गर्न मद्दत पुग्ने । | सर्वेक्षण प्रतिवेदन |
| ३१ | जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा र सो सम्बन्धी प्रकृयाको बारेमा प्रहरीसँगको समन्वयमा विद्यालयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | | | | | |
| ३२ | सामाजिक अपराध न्यूनीकरणका लागि स्थानीय तहको समन्वयमा विद्यालय मार्फत **School Outreach** कार्यक्रम | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह , जिल्ला प्रहरी कार्यालय, शिक्षा विकास तथा | २०७८ मंसिरबाट सुरु गरी निरन्तर | समाजमा अपराधका घटनाहरु न्यूनीकरण भई समाजमा दिगो शान्ति तथा स्थीरता कायम गर्न मद्दत | कार्यक्रम सञ्चालन प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने । | | समन्वय ईकाई, विद्यालय | कार्यान्वयन | पुग्ने । | |
| ३३ | राजमार्गमा हुने जुनसुकै अवरोधलाई तत्काल हटाई **निर्वाध रुपमा यातायात सूचारु** गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्लास्थित सबै सुरक्षा निकायहरू | स्थानीय तह, यातायात व्यवसायी, निजीक्षेत्र, | निरन्तर | राजमार्ग अवरोधको घटना न्यूनीकरण भई निर्वाधरुपमा यातायात सञ्चालन हुने । | अवरोधका घटना र सूचारु सम्वन्धी प्रतिवेदन |
| ३४ | सडक, वजार क्षेत्रमा रहेका **CCTV** हरु मार्फत गतिविधिहरूको जिल्ला प्रहरी कार्यालय तथा जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रबाट नियमित विश्लेषण गर्ने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, स्थानीय तह, जिल्ला आपतकालीन सञ्चालन केन्द्र | निरन्तर | सुरक्षा सर्तकता उच्च भएको हुने । | सीसीटीभी विश्लेषण |
| ३५ | **अन्तर जिल्ला** सुरक्षा समन्वय बैठकमार्फत जिल्लाका गतिविधिहरूको आदानप्रदान गर्ने । | जिल्ला सुरक्षा समिति | छिमेकी जिल्लाका जिल्ला सुरक्षा समिति, जिल्ला प्रशासन कार्यालय | निरन्तर | शान्ति सुरक्षा तथा अपराध न्यूनीकरणमा अनुभव आदानप्रदान भई शान्ति सुरक्षा कायम गर्न सहयोग पुगेको हुने । | समन्वय बैठक संख्या तथा प्रतिवेदन |
| ३६ | **रुग्ण विकास आयोजना**हरुको विवरण अद्यावधिक गरी तत्काल कार्य सूचारु गर्ने वातावरण सिर्जना गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सम्बन्धित कार्यालय र आयोजना, सुरक्षा निकाय | २०७८ श्रावण महिनाबाट निरन्तर | रुग्ण विकास आयोजनाहरूको पहिचान भई समयमानै सम्पन्न गर्ने वातावरण तयार भएको हुने | रुग्ण आयोजनाहरूको विवरण तथा निर्माण अवस्था प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ३७ | **कारागारको भौतिक व्यवस्थापन**लाई मानवोचित वनाउन आवश्यक, भवन, व्यारेक निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकारसंग समन्वय गर्ने। | जिल्ला प्रशासन कार्यालय | कारागार कार्यालय | निरन्तर | जीर्ण कारागार पूर्वाधारको निर्माण तथा सुधार भएको हुने । | पूर्वाधार निर्माण अवस्था |
| ३८ | गैरसरकारी संस्थाहरूको विस्तृत **प्रोफाईल** तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय | गैरसरकारी संस्था महासंघ | २०७८ असोज मसान्त | गैरसरकारी संस्थाहरूको विवरण एकीकृत भई ती संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरू अनुगमन गर्ने कार्य प्रभावकारी हुने । | प्रोफाइल |
| ३९ | अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरुलाई **कानुन तथा न्यायसम्वन्धी तालिम** प्रदान गर्ने । | जिल्ला प्रशासन कार्यालय | उच्च/जिल्ला अदालत, उच्च/ जिल्ला सरकारी वकील कार्यालय तथा अर्धन्यायिक निकायहरु | २०७८ श्रावण मसान्त | अर्धन्यायिक निकायबाट सम्पादन हुने कानुन तथा न्याय सम्वन्धि सेवा गुणस्तरीय हुने । | तालिम सञ्चालन प्रतिवेदन |
| ४० | **लागू औषध नियन्त्रण** सम्वन्धी जिल्ला स्तरीय योजना अद्यावधिक तथा प्रभावकारी कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सुरक्षा निकाय | २०७८ भाद्र मसान्त | लागु औषधजन्य अवैध गतिविधिहरु न्यूनीकरण भएको हुने । | योजना तथा कार्यान्वयन प्रतिवेदन |
| **घ. विपद् व्यवस्थापन** | | | | | | |
| ४१ | विपद पूर्वतयारी तथा प्रतिकार्य योजना(**Disaster Preparedness and Response Plan-DPRP**), कोभिड १९ पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा( | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला कोभिड-१९ | स्थानीय तहस्तरीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरू, विपद् | २०७८ असोज मसान्त | विपद् व्यवस्थापन तथा कोभिड-१९ को संक्रमण व्यवस्थापन प्रभावकारी | योजना दस्तावेज तथा कार्यान्वयन प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | **COVID Response Plan)** तर्जुमा, परिमार्जन तथा कार्यान्वयन गर्ने । | संकट व्यवस्थापन समिति, | व्यवस्थापन क्लष्टर, सरकारी तथा गैरसरकारी सरोकारवाला निकायहरू | | भएको हुने । | |
| ४२ | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (**District Emergency Operation Center- DEOC**) लाई चुस्त बनाउने | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय | जिल्ला स्थित सुरक्षा निकायहरू, स्थानीय तह, | २०७८ श्रावण बाट शुरु गरी निरन्तर | विपद्जन्य घटनाहरूको सूचना संकलन भई विपद् व्यवस्थापनमा सहयोग पुगेको हुने । | DEOC स्थापना तथा सञ्चालन |
| ४३ | विपद् जोखिमको पूर्वानुमानका आधारमा खोज तथा उद्धारका लागि आवश्यक सामग्रीसहितको आपतकालिन **Ware House** स्थापना गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | प्रदेश सरकार स्थानीय तह, सुरक्षा निकायहरू | २०७८ पौष मसान्त | खोज तथा उद्धार कार्य प्रभावकारी भएको हुने । | Ware House को स्थापना र सामग्रीको विवरण |
| ४४ | **SMS** मार्फत विपद् घटनाहरूको बारेमा सम्वद्ध व्यक्ति, निकायहरूलाई जानकारी गराउने । | जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, विपद् व्यवस्थापन क्लष्टर | निरन्तर | विपद्जन्य घटनाहरूको बारेमा यथाशीघ्र जानकारी प्राप्त भई समयमै व्यवस्थापनमा गर्न सहयोग पुगेको हुने । | जानकारी प्राप्त गर्ने व्यक्ति तथा संस्था |
| ४५ | विपद्को प्रकृति अनुसार **QRT** गठन गर्ने तथा परिचालनका लागि क्षमता विकास गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह, सुरक्षा निकायहरू | २०७८ पौष मसान्त | विपद्जन्य घटनाको तत्काल खोज तथा उद्धार कार्य भई नागरिकले सुरक्षा महसुस गरेको हुने | QRT विवरण र क्षमता विकास कार्यक्रम सञ्चालन प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ४६ | सबै स्थानीय तहमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र **(LEOC)** स्थापनाका लागि समन्वय र सहकार्य गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह | २०७८ श्रावण मसान्तवाट निरन्तर | स्थानीयस्तरमा विपद् व्यवस्थापनका कार्यमा प्रभावकारीता कायम हुने । | LEOC स्थापनाका लागि समन्वय र सहकार्य प्रतिवेदन |
| ४७ | सबै सरकारी कार्यालयमा सेवाग्राहीले **हातधुने व्यवस्था, सेनिटाईजर** उपलब्ध हुने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सरकारी कार्यालयहरू, सञ्चार माध्यम, आम नागरिकहरु | २०७८ श्रावण १ गते वाट निरन्तर | कार्यस्थलमा संक्रमणजन्य रोग फैलिनबाट रोक्ने उपाय प्रभावकारी भएको हुने । | जनस्वास्थ्य सुरक्षाका सामाग्री तथा उपयोग अवस्था |
| ४८ | COVID-19 को सम्भावित संक्रमण नियन्त्रण गर्नका लागि **स्वास्थ्य परीक्षण**को दायरा वढाउदै लैजाने । | जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति | स्वास्थ्य कार्यालय, स्थानीय तह, सुरक्षा निकायहरू, तथा प्रयोगशालाहरू | निरन्तर | संक्रमणको स्थिति पहिचान भई संक्रमण व्यवस्थापनमा मद्दत पुगेको हुने । | स्वास्थ्य परीक्षण संख्या तथा प्रतिवेदन |
| **ङ. विविध** | | | | | | |
| ४९ | गृह सचिव र प्रमुख जिल्ला अधिकारी विच भएको **कार्यसम्पादन करार सम्झौता**मा उल्लेख भएअनुसारका क्रियाकलापहरुको पूर्ण कार्यान्वयन गर्ने | जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय, जिल्लास्थित सुरक्षा निकायहरू | निरन्तर | जिल्लाको शान्ति सुरक्षा, सुशासन, विपद व्यवस्थापन, विकास आयोजनामा समन्वय लगायत सार्वजनिक सेवा प्रवाह जनअपेक्षित हुने | कार्यसम्पादन सम्झौता कार्यान्वयन प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| ४९ | सामाजिक सुरक्षा भत्तालाई **वैङ्किङ प्रणालीबाट भुक्तानीको** लागि स्थानीय तह एवम् वैक तथा वित्तीय संस्थाहरुसंग समन्वय गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, बैक तथा वित्तिय संस्था,सञ्चार माध्यम, आम नागरिक | २०७८ असोज मसान्त | सामाजिक सुरक्षा भत्ता वितरण पारदर्शी हुने । | वैङ्किङ प्रणालीमा आवद्ध लाभग्राहीहरुको विवरण |
| ५० | सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण गर्ने | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सरकारी कार्यालयहरू, | निरन्तर | सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण हट्ने | अतिक्रमण हटाइएको जग्गाको विवरण |

**नोटः-** स्थानीय प्रशासन ऐन २०२८, सुशासन ऐन २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ तथा विभिन्न विषयगत ऐन कानुन अनुसार जिल्लाका सबै सरकारी तथा सार्वजानिक निकायहरुमा सुशासन कायम गर्ने गराउने क्षेत्राधिकार जिल्ला प्रशासन कार्यालयमा रहेको सन्दर्भमा यस कार्ययोजनामा जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालय सुधारका लागि गर्नुपर्ने क्रियाकलापहरुका अतिरिक्त अन्य सरकारी तथा सार्वजानिक निकायहरुमार्फत सम्पादन गर्नेगरी समेत केही क्रियाकलापहरु समावेश गरिएको छ । यसका आधारमा सबै सरकारी निकायहरुले आ-आफ्नो कार्यालयको वार्षिक सुधार योजना तर्जुमा गर्नेछन् ।